# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

**आय ठेक्काको सिलबन्दी दरभाउपत्र आवह्वन सम्बन्धि १५ दिने सुचना**

प्रथम पटक प्रकाशित मिति २०८२।०३।२६

आ.ब. ०८२।०८३ का लागि यस गाउँपालिकाको स्थानीय राजश्वको स्रोतको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६० बमोजिमको सुस्ता गाउँपालिका वडा न ५ झोलुङ्गे पुल अवलोकन गर्न आउने सवारी साधन पार्किङ व्यवस्थापनका लागी गाउँपालिकाले तोकेको स्थानमा पार्किङ संचालन गरी पार्किङ शुल्क शिर्षकमा ठेक्का बन्दोबस्ति प्रकृयाबाट राजश्व संकलन गर्नु गर्ने भएकाले ईच्छुक ब्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आवह्वन गरिन्छ ।

तपसिल

| ठेक्का न. | आय ठेक्काको नाम | न्यनतम अंक रु |
|---|---|---|
| आय-०६/०८२।०८३ | पार्किङ शुल्क संकलन | ५५००००।- |

**शर्तहरु**

१) सिलबन्दी दरभाउपत्रको फाराम यो सुचना प्रकाशन भएको मितिले १५ दिन सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखा बाट रु १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. ०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निबेदन दिनु पर्ने छ ।

२) न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समाबेश गरिएको छैन

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% का दरले हुन आउने रकम यस कार्यालयको एन एम वि बैक, कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ ग ३ सुस्ता गा.पा.धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा सिलबन्दी खाम भित्र नगदै संलग्न गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभएता पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्बजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

८) ठेक्काको अवधि २०८३ अषाढ मसान्त सम्म हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोडन पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन उक्त रकम कार्यालयले सरकारी बाँकी सरह असुल उपर गर्ने छ ।

९) बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावि गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिती परि राजश्व असुल हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१०) पार्किङ शुल्कको दररेट गाउँपालिकाको आर्थिक ऐन अनुसार हुने छ । कर संकलन गर्दा उक्त दरमा १३ प्रतिशत ले थप गरि संकलन गर्नु पर्ने छ । सडकमार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

११) ठेक्का सदर भएको मितिले सात (७) दिन भित्र आफुले कबोल गरेको रकम, मुल्य अभिबृद्धि कर र कबोल अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर एकमुष्ट रुपमा दाखिला गरी यस कार्यालयबाट ठेक्का चलान पत्र लिई सक्नु पर्ने छ । यदि सात दिन भित्र पट्टा नउठाएमा धरौटी रकम जफत गरि सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

१२) पार्किङको लागि आवश्यक पर्ने अस्थायी पुर्वाधार संरचना ठेकेदार स्वयमं निर्माण गर्नु पर्ने छ ।

१३) ठेक्का सकार गर्नेले पार्किङका लागि आउने सवारी साधन पार्किङ शुल्क वापत अनिवार्य रुपमा रसिद उपलब्ध गराउनु पर्नेछ ।

१४) पार्किङ शुल्कको दर सर्वसाधारणले देख्ने गरी होडिङ बोर्ड बनाइ सार्वजनिक स्थानमा राख्नु पर्नेछ ।

१५) ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१६) यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून बमोजिम हुने छ ।

हेमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत